नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

## कार्यालय सामान खरिदसम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**MOEWRI/STA/NG/NCB/1/2076/077**

**प्रथमपटक सूचना प्रकाशित मिति : २०७६।०५।१०**

यस ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका लागि आवश्यक छपाई तथा कार्यालय सामान खरिद तथा आपूर्तिका लागि योग्य बोलपत्रदाताहरूबाट राष्ट्रिय स्तरको खुला बोलपत्र प्रक्रियाअन्तर्गत निम्न सर्तहरूको अधिनमा रही खरिद गर्न बोलपत्र आह्वान गरिएकोछ ।

| ठेक्का नं. | विवरण | बोलपत्र जमानत रकम (रु.) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|
| १/०७६/७७ | छपाइ तथा कार्यालय सामान | रु. ६३,४००।- | ३,०००।- |

१. बोलपत्र फाराम प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनसम्ममा कार्यालय समयभित्र यस मन्त्रालयको लेखा शाखाबाट रु. ३०००।०० (तीन हजार) नगदै (पछि फिर्ता नहुने) बुझाई रसिद काटी जिन्शी शाखाबाट खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम खरिद गर्न कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७४।७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र माथि उल्लेखित बोलपत्रसम्बन्धी कागजातको दस्तुर (फिर्ता नहुने) रसिद पेस गर्नुपर्नेछ ।

३. बोलपत्र जमानतबापतको रकम एभरेष्ट बैंक सिंहदरबारमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय, भुक्तानी केन्द्र नं. ४, सिंहदरबार, काठमाडौंको खाता नं. १३५००१ मा (यस मन्त्रालयको कोड नं. ३०८००३५०१) नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको कुनै वाणिज्य बैंकहरूबाट यस कार्यालयको नाममा जारी गरिएको बैंक ग्यारेन्टी पेस गर्नुपर्नेछ । उक्त बैंक ग्यारेन्टी बोलपत्र पेस गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिनसम्मको मान्य अवधि भएको हुनुपर्नेछ ।

४. सिलबन्दी गरिएको बोलपत्र प्रथमपटक सूचना प्रकाशित मितिले ३०औं दिन २०७६।०६।०८ गतेसम्म कार्यालय समयभित्र खरिद गरी सोको भोलिपल्ट मिति २०७६।०६।०९ गते दिनको १२:०० बजेभित्र दर्ता गराउनु पर्नेछ ।

५. तोकिएको समयभित्र पेस भएका बोलपत्रहरू उपस्थित हुनचाहेका बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस मन्त्रालयमा २०७६।०६।०९ गते दिनको २:०० बजे खोलिनेछ । प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. बोलपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन तोकिएको समयभित्र उपरोक्त अनुसार नै हुनेछ ।

७. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहेको छ ।

८. यससम्बन्धी अन्य कुरा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र अन्य सम्बन्धित कानूनबमोजिम हुनेछ ।

९. बोलपत्रसम्बन्धी अन्य कुराहरू विस्तृत रूपमा बुझ्नु परेमा कार्यालय समयभित्र यस मन्त्रालयमा उपस्थित भई बुझ्न वा वेबसाइट **www.moewri.gov.np** बाट तथा फोन नं ०१-४२००५८३ मा फोन गरेरसमेत लिन सकिनेछ ।